बान्नीगढी जयगढ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ३ मितिः २०८१/०१/०६


## भाग – २

## बान्नीगढी जयगढ गाउँपालिका

### बान्नीगढी जयगढ गाउँपालिकाको प्रोत्साहन भत्ता (पहिलो संशोधन) कार्यविधि, २०८०


**गाउँसभाबाट स्विकृत मितिः- २०८०/११/३०**

**राजपत्रमा प्रकाशित मितिः- २०८१/०१/०६**


**प्रस्तावनाः-**

नेपाल संघियता कार्यान्वयनको चरणमा अघि बढेको विद्यमान परिस्थितिमा स्थानीय तहमा कर्मचारीको अभावले प्रशासनीक सेवा तथा विकास निर्माणका कार्यहरु प्रभावित हुन पुगेको तथा उपलब्ध कर्मचारीहरुमा कार्यवोझ बढेको र भौगोलिक रुपमा विकट क्षेत्रमा कामकाज गर्नु परेको अवस्था र परिस्थितिलाई मध्येनजर गर्दै स्थानीय सेवामा कार्यरत कर्मचारीलाई कामप्रति उत्प्रेरित गरी

मनोवल उच्च राख्दै स्थानीय स्तरमा प्रदान गरिने सेवा प्रवाहलाई जनताले सहज, सरल र गुणस्तरीय रुपमा प्राप्त गर्ने कुराको सुनिश्चिता गर्न दैनिक प्रशासनिक कामकाज चुस्तदुरुस्त तथा प्रभावकारी बनाई विकास निर्माणका कार्यमा तिव्रता ल्याउनका लागि वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बान्नीगढी जयगढ गाउँपालिकाको मिति २०७८/०९/११ गतेको बैठकबाट यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद-१

### १. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस कार्यविधिको नाम बान्नीगढी जयगढ गाउँपालिकाको कार्य सम्पादनमा आधारित **"प्रोत्साहन भत्ता कार्यविधि, २०७८ (पहिलो संशोधन, २०८०)"** रहेको छ ।

१.२ यो कार्यविधि आ.व. २०७८ श्रावण १ गतेबाट लागु हुनेछ ।

### २. परिभाषाः

२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"कार्यविधि"** भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको **"प्रोत्साहन भत्ता कार्यविधि, २०७८ (पहिलो संशोधन, २०८०)"** सम्झनु पर्दछ ।

ख) **"कर्मचारी"** भन्नाले बान्नीगढी जयगढ गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत लगायत गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्दछ । साथै गाउँकार्यपालिका वा वडा कार्यालयमा सेवा करारमा कार्यरत कर्मचारी समेतलाई जनाउनेछ ।

ग) **"कार्यालय समय"** भन्नाले बान्नीगढी जयगढ गाउँपालिका गाउँकार्यपालिकाद्वारा यसै कार्यविधि वमोजिम दैनिक सेवा प्रवाह गर्नका लागि तोकिएको कार्यालय समयलाई सम्झनु पर्दछु ।

घ) **"प्रोत्साहन भत्ता"** भन्नाले गाउँसभा वा कार्यपालिकाको निर्णय वमोजिम उपलव्ध गराइएको अतिरिक्त भत्ता लाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

### ३. प्रोत्साहन भत्ता उपलब्ध हुनेः

३.१ बान्नीगढी जयगढ गाउँपालिकाले यस गाउँपालिकाको मातहतमा कार्यरत रहेका कर्मचारीहरुलाई देहायको अवस्थामा देहाय वमोजिम प्रोत्साहन भत्ता उपलव्ध गराउनेछ ।

क) कार्यालयमा नियमित रुपमा उपस्थित भई सन्तोषजनक रुपमा काजकाज गरेमा ।

ख) कार्यालयलाई आवश्यक परेको बखतमा कार्यालय समय अघि वा पछि कामकाज गरेमा ।

ग) गाउँपालिकाले आयोजना गर्ने विभिन्न कार्यक्रममा सक्रिय रुपमा सहभागि भई कामकाज गरेमा ।

घ) सार्वजनिक विदाको दिनमा आयोजना भएका कार्यक्रममा उपस्थित भई कामकाज गरेमा

३.२ नियम ३.१ वमोजिम काम गरे वापत यस गाउँपालिकाको केन्द्रमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत, विभिन्न शाखाका शाखा प्रमुख तथा विभिन्न वडामा कार्यरत वडा सचिव, स्थायी कर्मचारी तथा कार्यालय सहयोगी, सरसफाई कर्मचारी, सवारी चालक र सेवा करारमा कार्यरत कर्मचारीहरुलाई मासिक **रु.१,५००।— (अक्षरुपी एक हजार पाँच सय) का दरले प्रोत्साहन भत्ता** उपलव्ध गराईनेछ ।

३.३ १ महिना भन्दा बढी दिनको विदा स्वीकृत गरी विदामा रहेका कर्मचारीलाई सो महिनाको प्रोत्साहन भत्ता उपलव्ध गराईनेछैन् ।

३.४ प्रोत्साहन भत्ता प्राप्त गर्नका लागि करार सेवाका कर्मचारीहरुको करार सम्झौताको मितिदेखि लागु हुनेछ ।

३.५ नियम ३.२ मा जे भनिएता पनि करार सेवामा कार्यरत कर्मचारीको हकमा कार्यपालिका वैठकवाट निर्णय भए वमोजिम करार सम्झौतामा उल्लेख गरी उपलव्ध गराईनेछ ।

३.६ प्राविधिक कर्मचारी तथा स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुलाई फिल्डभत्ता उपलब्ध गराइएको भए प्रोत्साहन भत्ता उपलब्ध गराइनेछैन् ।

३.६ प्रोत्साहन भत्ताको रकम वि.स. २०७८ श्रावण १ गते देखि लागु हुनेछ ।

३.७ यो कार्यविधि लागु हुनु पूर्व उपलव्ध गराइएको फिल्ड भत्ता बाहेक अन्य यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।

............................

**<u>आज्ञाले</u>**

बसन्त बहादुर रावल

नि. प्रमुख प्रशासकीय अधिकृत